विधेयक सङ्ख्याः

# आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

## प्रदेश सभा सचिवालय

धनगढी, कैलाली

२०८३

# <u>उद्देश्य र कारण</u>

आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्न र सो रकम खर्च गर्ने सम्बन्धी अधिकार दिन वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेस गर्नु परेको हो।

प्रस्तुत विधेयकले प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार र विभिन्न निकायले गर्ने सेवा तथा कार्यहरूको निमित्त विनियोजन गर्नसक्ने व्यवस्था गरेको छ।

यस विधेयकलाई अर्थ सम्बन्धी विधेयकको रूपमा प्रदेश सभामा प्रस्तुत गरेको छु।

चक्र बहादुर मल्ल
आर्थिक मामिला मन्त्री

**आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**प्रस्तावना**ः आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८३/८४ को लागि प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०८३/८४ को लागि अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका लागि सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पुँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकमसमेत गरी महल ७ मा उल्लिखित जम्मा रकम **रू. ३७,६९,६२,७६,००० (अक्षरेपी सैतिस अर्व उनन्सत्तरी करोड बैसठ्ठी लाख छहत्तर हजार)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन**ः यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरिनेछ।

४. **अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था**ः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम आर्थिक वर्ष २०८३/८४ को लागि खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको लेखा उत्तरदायी अधिकृतले विनियोजन भएको रकम खर्च गर्ने निकायलाई हासिल गर्नुपर्ने प्रतिफल तथा उपलब्धि सहित स्रोतगत बाँडफाँट गरी त्यसको जानकारी आर्थिक मामिला मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमलाई बजेट कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

५. **रकमान्तर, स्रोतान्तर र कार्यक्रम वा क्रियाकलाप संशोधन सम्बन्धी व्यवस्थाः** (१) दफा ३ बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको लागि विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्केतमा बचत हुने र कुनै अनुदान सङ्केतमा नपुग हुने देखिएमा आर्थिक मामिला मन्त्रालयले बचत हुने अनुदान सङ्केतबाट नपुग हुने अनुदान सङ्केतमा रकमान्तर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा जम्मा विनियोजित रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केतबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्केतमा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा स्रोतान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान सङ्केतभित्रको बजेट उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन।

(ग) पुँजीगत अनुदान शीर्षकमा विनियोजित रकम चालु अनुदान शीर्षकमा रकमान्तर गर्न सकिने छैन।

(३) स्थानीय तहको लागि अनुदान सङ्केत ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान सङ्केतमा रकमान्तर हुने छैन।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्केत ६०२ मा विनियोजन भएको रकम जुन अनुदान सङ्केतमा निकासा र खर्च हुने हो सोही अनुदान सङ्केतमा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्न बाधा पर्नेछैन।

(५) सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २२ को उपदफा (२) बमोजिम एउटै अनुदान सङ्केतभित्र रही चालु खर्च शीर्षकमा विनियोजन भएको रकम चालु खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार सम्बन्धित मन्त्रालयलाई हुनेछ।

तर, खर्च संकेत २२५२२ अन्तर्गतका क्रियाकलापहरुमा सुरु विनियोजनको पच्चीस प्रतिशतभन्दा बढी रकमान्तर गर्न पाइने छैन। यसरी रकमान्तर गरी घटाइसकेको क्रियाकलापहरुमा थप निकासा गर्न सकिने छैन।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका खर्च शीर्षकको हकमा अन्तर खर्च शीर्षक (इन्टर इकोनोमिक कोड) मा रकमान्तर तथा क्रियाकलाप संशोधन लेखा उत्तरदायी अधिकृतले गर्न सक्नेछः-

| **क्रम सङ्ख्या** | **खर्च सङ्केत नं.** | **खर्च शीर्षक** |
|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी |
| ३ | २११२१ | पोशाक |

| क्रम सङ्ख्या | खर्च सङ्केत नं. | खर्च शीर्षक |
|---|---|---|
| ४ | २११२२ | खाद्यान्न |
| ५ | २११२३ | औषधी उपचार खर्च |
| ६ | २११३१ | स्थानीय भत्ता |
| ७ | २११३२ | महङ्गी भत्ता |
| ८ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार |
| ९ | २११४२ | पदाधिकारी अन्य सुविधा |
| १० | २१२१२ | योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च |
| ११ | २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च |
| १२ | २१२२२ | पदाधिकारीको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च |
| १३ | २७१११ | सामाजिक सुरक्षा |

(७) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि  पुंजीगत खर्च शीर्षकमा विनियोजन भएको रकम एउटै अनुदान सङ्केतभित्र रकमान्तर गर्ने अधिकार सम्बन्धित मन्त्रालयलाई हुनेछ।

तर, स्रोत सहमति नलिएका र उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनाको हकमा रकमान्तर र थप निकासा गर्न सकिने छैन ।

(८) बहुवर्षीय आयोजनामा विनियोजन भएको रकम आर्थिक मामिला मन्त्रालयले स्रोत सहमति दिएको आयोजना बाहेक अन्यत्र रकमान्तर गर्न पाइने छैन।

(९) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्षको पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म र बजेट विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न पाइने छैन।

(१०) मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना वा कार्यक्रम वा क्रियाकलाप संशोधन गर्नुपर्ने भएमा लक्ष्य, उद्देश्य र स्रोतमा परिवर्तन नहुने गरी आवश्यकता र औचित्य समेतका आधारमा सामान्य त्रुटी संशोधन गर्ने अधिकार सम्बन्धित मन्त्रालयलाई हुनेछ।

तर, एक अनुदान संकेतको आयोजना अर्को अनुदान सङ्केतमा कार्यक्षेत्र कायम हुने गरी संशोधन गर्नु पर्ने भएमा वा प्रदेश सरकारबाट सशर्त अनुदानको रुपमा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका

आयोजनाहरुको कार्यक्षेत्र फरक पर्न गएमा आर्थिक मामिला मन्त्रालयले जुन सुकै बखत कार्यक्षेत्र संशोधन गर्न सक्नेछ र स्थानीय तहको कार्यक्षेत्र यकिन भएका तर नाम, ठेगाना तथा अन्य सामान्य त्रुटीको संशोधन सम्वन्धित स्थानीय तह वा सम्बन्धित निर्वाचन क्षेत्रको प्रदेश सभा सदस्यको सिफारिसको आधारमा आर्थिक मामिला मन्त्रालयले गर्नेछ।

(११) स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको बजेट र क्रियाकलापको त्रैमासिक संशोधन लेखा उत्तरदायी अधिकृतले गर्न सक्नेछ।

(१२) उपदफा (५), (६), (७), (१०) र (११) बमोजिम रकमान्तर वा कार्यक्रम वा क्रियाकलाप वा त्रैमासिक विभाजन संशोधन गर्दा स्रोतमा परिवर्तन हुने भएमा आर्थिक मामिला मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(१३) यस ऐन बमोजिम कुनै आयोजना वा कार्यक्रमको लागि एकमुष्ट रूपमा विनियोजन भएको रकम सम्बन्धित मन्त्रालयबाट स्वीकृत कार्यविधिको आधारमा लेखा उत्तरदायी अधिकृतले सम्वत् २०८३ साल पौष मसान्तभित्र बाँडफाँट गर्नुपर्नेछ।

(१४) एउटै अनुदान सङ्केत अन्तर्गतको कुनै निकायका लागि विनियोजन भएको रकम अर्को निकायको लागि खर्च गर्ने गरी लेखा उत्तरदायी अधिकृतले अख्तियारी प्रदान गर्न सक्नेछ।

६. **अन्तर-सरकारी वित्त हस्तान्तरण सम्बन्धी व्यवस्था**: (१) अनुदान सङ्केत ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी वित्त हस्तान्तरणको रूपमा स्थानीय सञ्चित कोषमा दाखिला गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाइले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा संवत् २०८३ सालको कात्तिक १० गते, पुष १० गते, फागुन १० गते र संवत् २०८४ वैशाख १० गते गरी चार किस्तामा हस्तान्तरण गर्नेछ।

(३) उपदफा (२) बमोजिमको समानीकरण अनुदानको पहिलो र दोस्रो किस्ता सुरू अनुमान बमोजिम, तेस्रो किस्ता पुस मसान्तसम्मको आयको आधारमा र चौथो किस्ता चैत मसान्तसम्मको आयको आधारमा पुनः निर्धारण गरी हस्तान्तरण गरिनेछ।

(४) उपदफा (१) बमोजिमको अनुदान रकममध्ये ससर्त अनुदान रकमको एकतिहाइले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा संवत् २०८३ साल मङ्सिर मसान्तभित्र हस्तान्तरण गर्नेछ।

(५) स्थानीय तहले ससर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषयक्षेत्रको आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र

सम्बन्धित गाउँ सभा वा नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमानमा समावेश गरी मङ्सिर मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयमा पेस गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिमको कार्ययोजनाको भौतिक प्रगति तथा खर्च भएको रकमको विवरण स्थानीय तहले संवत् २०८३ सालको मङ्सिर १५ गते, चैत १५ गते र संवत् २०८४ सालको असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण संवत् २०८४ सालको साउन मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयमा पेस गर्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिमको खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयले उपदफा (४) बमोजिम स्थानीय तहमा हस्तान्तरण भएको ससर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्नाका रूपमा संवत् २०८३ सालको मङसिर २५ गते, चैत २५ गते र संवत् २०८४ सालको असार १० गतेभित्र हस्तान्तरण गर्नुपर्नेछ।

(८) प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयले स्थानीय तहलाई समपूरक र विशेष अनुदान रकम हस्तान्तरण गर्नेछ। स्थानीय तहलाई समपूरक अनुदानको रकम हस्तान्तरण गर्दा वास्तविक खर्च रकममा अनुदान कार्यविधि बमोजिम प्रदेश सरकारले व्यहोर्ने हिस्सा भन्दा बढी रकम नहुने गरी हस्तान्तरण गर्नेछ।

(९) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले ससर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयमार्फत् प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ।

(१०) उपदफा (९) बमोजिम बचत रकम फिर्ता दाखिला नगरेको अवस्थामा त्यस्तो रकम र अघिल्ला आर्थिक वर्षहरूमा बाँकी भएकोमा सो रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वा राजस्व बाँडफाँटको रकमबाट कट्टा गरी समायोजन गर्नेछ।

७. <u>आयोजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u>

(१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तहमार्फत् कार्यान्वयन गर्नुपर्ने भएमा फाल्गुन मसान्तभित्र सम्बन्धित मन्त्रालयले स्थानीय तहबाट आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहमार्फत् कुनै आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय भएमा प्रदेश सरकारको विषयगत मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई प्रदेश निकायको इकाइको रूपमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा कार्यालय कोड दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको कोडबाट सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयले एकल खाता कोष प्रणाली बमोजिम आर्थिक कारोबार सञ्चालन गर्ने गरी त्यस्तो आयोजना वा कार्यक्रमको निकासा दिनेछ।

(४) उपदफा (३) बमोजिम निकासा भएको रकम स्थानीय तहको सञ्चित कोषमा आम्दानी बाँध्न पाइने छैन।

(५) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै योजना वा कार्यक्रम स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा पौष मसान्तसम्म निर्णय गरी सक्नु पर्नेछ। सोको जानकारी सम्बन्धित मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयलाई दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम स्थानीय तहको योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले प्रादेशिक निकायको नाममा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयमा रहेको विविध खातामा जम्मा हुने गरी निकासा दिनु पर्नेछ। त्यसरी प्राप्त रकममध्ये आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभई बाँकी रहेको रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

(७) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै आयोजना वा कार्यक्रम प्रदेशको विषयगत मन्त्रालयले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत् कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयको स्वीकृति लिई त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको विषयगत कार्यालयमार्फत् कार्यान्वयन गर्ने निर्णय गर्न सक्नेछ।

तर, प्रशासनिक र चालुतर्फका कार्यक्रमको लागि नेपाल सरकारका निकायलाई सुरू विनियोजन बाहेक थप रकम उपलब्ध गराइने छैन।

(८) उपदफा (७) बमोजिम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत् आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा नेपाल सरकारको सम्बन्धित कार्यालयलाई प्रदेश निकायको रूपमा कार्यालय सङ्केत दिई रकम निकासा दिनु पर्नेछ।

(९) उपदफा (८) बमोजिमको कोडबाट सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयले एकल खाता कोष प्रणाली बमोजिम आर्थिक कारोबार सञ्चालन गर्ने गरी त्यस्तो आयोजना वा कार्यक्रमको निकासा दिनेछ।

(१०) उपदफा (१) र उपदफा (७) बमोजिमको निर्णयको जानकारी महालेखापरीक्षकको कार्यालय, आर्थिक मामिला मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा इकाइ कार्यालयलाई दिनु पर्नेछ।

(११) खर्च सङ्केत नं. २६४१२ सरकारी निकाय, समिति तथा बोर्डलाई ससर्त चालु अनुदान र २६४२२ सरकारी निकाय, समिति तथा बोर्डलाई ससर्त पुँजीगत अनुदान प्राप्त गर्ने निकायले आर्थिक मामिला मन्त्रालयको सहमतिमा बहुवर्षीय खरिद प्रक्रिया अगाडि बढाउन सक्नेछ।

(१२) यस ऐन बमोजिम स्वीकृत आयोजना तथा कार्यक्रम बाहेक अन्य कुनै नयाँ आयोजना तथा कार्यक्रम थप गरिने छैन।

तर, विपद् व्यवस्थापन तथा महामारी नियन्त्रण लगायतका आकस्मिक अनिवार्य दायित्वको हकमा यस ऐनद्वारा विनियोजित बजेटको परिधिभित्र रही आर्थिक मामिला मन्त्रालयले त्यस्तो आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गरी स्वीकृति दिन सक्नेछ।

(१३) आर्थिक वर्षको बीचमा प्रदेश सरकारका नयाँ संगठन संरचना निर्माण भएमा साविकको बजेट उपशीर्षकबाट खर्च गर्ने अख्तियारी प्रदान गरिनेछ।

८. **लेखाङ्कन, प्रतिवेदन तथा आन्तरिक लेखापरीक्षण सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै आयोजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रूपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई सुरू विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारबाट बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) का निकायलाई प्राप्त हुने अनुदानको प्रचलित कानून बमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

९. **वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः** (१) स्थानीय तहले सङ्कलन गरेको राजस्व र यस ऐन तथा प्रचलित कानून बमोजिम प्राप्त गरेको राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरण बापतको रकम कानून बनाई खर्च गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका विषयको पालना हुने गरी बनाउनु पर्नेछः-

(क) नेपाल सरकार तथा प्रदेश सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च गर्ने,

(घ) पुँजीगत खर्चतर्फ विनियोजित रकम चालु खर्चमा रकमान्तर नगर्ने,

(ङ) सन्तुलित बजेट तर्जुमा गर्ने तथा मध्यमकालीन खर्च संरचनाको सीमाभित्र रही दायित्व सृजना गर्ने,

(च) प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा प्रतिवेदन प्रणाली लागू गर्ने।

(३) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने सम्बन्धमा आर्थिक मामिला मन्त्रालयले आवश्यक मार्गदर्शन जारी गर्न सक्नेछ।उक्त मार्गदर्शन सबै निकाय वा कार्यालयले अनिवार्य रूपमा पालना गर्नु पर्नेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि वैदेशिक स्रोत समावेश भएको आयोजना वा कार्यक्रमको हकमा लेखा उत्तरदायी अधिकृतले वित्तीय प्रतिवेदन तयार गरी दातृ निकायसँग भएको सम्झौता बमोजिमको अवधिभित्रै प्रदेश लेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।त्यस्तो वित्तीय विवरण

लगायतका खर्चको फाँटवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको एकल खाता कोष प्रणालीमा प्रविष्टि गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम वित्तीय विवरण तथा खर्चको फाँटवारी भुक्तानी प्रणालीमा प्रविष्ट गरे वा नगरेको अनुगमन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत र प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

(६) आर्थिक वर्ष २०८३/८४ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ९ बमोजिमका आयोजना वा कार्यक्रम कार्यान्वयनमा लैजानु पर्नेछ।

(७) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि चालु वर्षको स्वीकृत कार्यक्रमभित्रको आयोजनाको लागि विनियोजन भएको रकमबाट वार्षिक लक्ष्य हासिल हुने गरी खरिद सम्झौता भई बचत भएको रकमबाट थप खरिद कार्य गर्न पाइने छैन।

(८) यस ऐन बमोजिम बजेट तथा कार्यक्रममा समावेश भएको बाहेक आर्थिक दायित्व सृजना हुने विषयमा निर्णय गर्नुपूर्व आर्थिक मामिला मन्त्रालयको सहमति लिनु पर्नेछ।

(९) कुनै पनि निकायले आर्थिक मामिला मन्त्रालयको पूर्व सहमति बेगर बहुवर्षीय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिवद्धता जनाउन पाइने छैन।

(१०) उपदफा (८) र (९) बमोजिम आर्थिक मामिला मन्त्रालयको सहमति नलिई सिर्जना गरिएको आर्थिक दायित्वको जिम्मेवारी एवं जवाफदेहीता सम्बन्धित सरकारी निकायले लिनु पर्नेछ।

(११) यस ऐन बमोजिम विनियोजन भएको रकमभन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने, ठेक्का लगाउने वा खरिद प्रक्रिया प्रारम्भ गर्ने कर्मचारीलाई सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५९ बमोजिम सम्बन्धित अधिकारीले कारवाही गर्नु पर्नेछ।

**१०. <u>कानून विपरीत विनियोजन भएको नमानिने</u>:** (१) यस ऐनमा व्यवस्था भएको विषयमा यस ऐन बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस ऐन बमोजिम कुनै सेवा र कार्यको लागि रकम विनियोजन गर्दा प्रचलित कानून बमोजिम पूरा हुनुपर्ने कुनै प्रक्रिया पूरा भएको रहेनछ भने त्यस्तो प्रक्रिया पूरा नभएको आधारमा मात्र त्यसरी विनियोजित रकम कानून विपरीत विनियोजन भएको मानिने छैन।

**११. <u>आवश्यक व्यवस्था गर्न सक्ने</u>:** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश प्रदेश राजपत्रमा प्रकाशन गरेपछि लागू हुनेछ।

**१२. <u>निर्देशिका, कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्ने</u>:** (१) सम्बन्धित ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक प्रत्यायोजित कानूनमा कोष स्थापना र सञ्चालन गर्ने विषय, सञ्चित कोष वा अन्य सरकारी कोषबाट आर्थिक दायित्व पर्ने विषय समावेश गर्नु हुँदैन।

(२) विनियोजित बजेट तथा यस ऐनको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड वा मार्गदर्शन प्रदेश सरकारले बनाउन सक्नेछ।

(३) स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक पर्ने देखिएमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले निर्देशिका, कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्नेछ। त्यस्तो निर्देशिका, कार्यविधि, मापदण्ड तथा मार्गदर्शन स्वीकृत भएको सात दिनभित्र वेबसाइटमा राख्नु पर्नेछ।

तर, थप आर्थिक दायित्व वा दीर्घकालीन प्रकृतिको दायित्व सिर्जना हुने कार्यविधि बनाउँदा आर्थिक मामिला मन्त्रालयको सहमति लिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्रदेश सरकारले बनाएको निर्देशिका, कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

**१३. विविधः** (१) प्रदेश सरकारको विनियोजन ऐन प्रदेश सभाबाट पारित भइसके पश्चात् नेपाल सरकारबाट स्रोतको रूपमा प्रस्तावित वित्तीय हस्तान्तरणको रकम थपघट हुने गरी रकम प्राप्त भएमा आर्थिक मामिला मन्त्रालयले त्यसरी थपघट भएको रकमको लेखा राखी रकम घटेमा विषयगत मन्त्रालय तथा निकायलाई आवश्यक निर्देशन दिने र रकम बढेमा खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालय वा निकायलाई दिनेछ।

(२) उपदफा (१) बमोजिम चालु आर्थिक वर्षमा प्राप्त भएको रकमको समायोजित विवरण आगामी आर्थिक वर्षको आय र व्ययको विवरण साथ प्रदेश सभामा पेस गर्नु पर्नेछ।

# अनुसुची-१
## प्रदेश संचित कोषमाथि व्ययभार हुने अनुमानको सारांश

रू. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु | पूँजीगत | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | २०२ | प्रदेश व्यवस्थापिका (सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा) | २६,९० | | | २६,९० |
| २. | २१० | प्रदेश लोक सेवा आयोग (अध्यक्ष र सदस्यको पारिश्रमिक र सुविधा) | ५०,०० | | | ५०,०० |
| जम्मा | | | ७६,९० | | | ७६,९० |

अनुसूची-२

## दफा (२) र (३) सँग सम्बन्धित

## प्रदेश संचित कोषबाट विनियोजन हुने रकम

रू. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.सं. | **अनुदान संख्या** | शीर्षकको नाम | **चालु खर्च** | **पुँजीगत खर्च** | **वित्तीय** | **जम्मा** |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | १७७५८८ | ५७१७० | ० | २३४७५८ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ८१६६० | ५६४० | ० | ८७३०० |
| ३ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३०११६९ | १३९१०४ | ० | ४४०२७३ |
| ४ | ३०५ | आर्थिक मामिला मन्त्रालय | २३५५१५ | ६८६४३ | ० | ३०४१५८ |
| ५ | ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १२७२३८० | २२१२३८६ | ० | ३४८४७६६ |
| ६ | ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २७२६७५४ | २९५४३५ | ० | ३०२२१८९ |
| ७ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १५८१०० | १५८००० | ० | ३१६१०० |
| ८ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ७३२०६७ | १५०२६११८ | ० | १५७५८१८५ |
| ९ | ३५० | सामाजिक विकास मन्त्रालय | ४३३०९८७ | २२२८७९९ | ० | ६५५९७८६ |
| १० | ३९१ | प्रदेश योजना आयोग | ७६२७९ | ५९४० | ० | ८२२१९ |
| ११ | ५०१ | अर्थ - वित्तीय व्यवस्था | ० | ० | ७२७०० | ७२७०० |
| १२ | ६०१ | कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | १२००० | ० | ० | १२००० |
| १३ | ६०२ | अर्थ - विविध | ४००००० | १३०२५३ | ० | ५३०२५३ |
| १४ | ८०१ | स्थानीय तह | ६७९१५८९ | ० | ० | ६७९१५८९ |
| कुल जम्मा | | | **१७२९६०८८** | **२०३२७४८८** | **७२७००** | **३७६९६२७६** |